## आर्थिक विकास क्षेत्र

### कृषि र पशुपंछी विकास

१. नगर क्षेत्रभित्रका इच्छुक कृषकहरुलाई क्रमशः रैथाने एवम् अर्गानिक कृषि उत्पादनमा अभिप्रेरित गर्न **"नगरको खुशी, रैथाने कृषि"** नामक अभियान सञ्चालनमा ल्याइनेछ।

२. स्थानीय भूगोल सुहाउँदो रैथाने र अर्गानिक कृषि पेशा गर्न चाहने कृषकहरुको पहुँचमै कृषि प्राविधिकहरुको उपलब्धता हुने गरी माटो परीक्षण प्रयोगशाला स्थापना गरी **निःशुल्क माटो परीक्षण** गर्ने व्यवस्था मिलाइनेछ।

३. माटोको उर्वराशक्ति समेत अभिवृद्धि गर्दै दुग्धजन्य एवम् मासुजन्य पदार्थ उत्पादनमा कृषकहरुलाई थप अभिप्रेरित गर्न रैथाने प्रजातिका गाई/गोरु, राँगा/भैंसी, भेडा/बाख्रा, सुँगुर, कुखुरा पालनमा **उपयुक्त अनुदान** उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

४. परम्परागत एवम् जैविक मल मात्रको प्रयोग गरी आफ्नै करेसाबारी परिसरमा कृषकद्वारा उत्पादित सागसब्जी र फलफूललाई तराई/मधेसका बजारसम्म लगी विक्री वितरण गर्न कृषक एवम् कृषि सहकारी संस्थासँगको साझेदारीमा **कृषि एम्बुलेन्स** खरिद गरी सञ्चालनमा ल्याइनेछ।

५. निर्वाहमुखी कृषि पेशामा आश्रित नगरपालिका क्षेत्रभित्रका कृषकहरुलाई व्यवसायिक कृषि उद्यममा आकर्षित गर्न **टोल/टोलमैं कृषि सेवा** नामक कार्यक्रम सञ्चालनमा ल्याइनेछ। यसका लागि श्री बसन्त माध्यमिक विद्यालय, बसन्तपुरमा कृषि विषय अध्यापन गराउने विषयविज्ञहरुलाई समेत थप प्रोत्साहन दिई विद्यालय समय बाहेकको समयमा वडा/वडामा गई कृषकमैत्री तालिम कार्यक्रम सञ्चालनमा परिचालन गर्ने व्यवस्था मिलाइनेछ।

६. नगरपालिका क्षेत्र बाहेक छिमेकी स्थानीय तह समेतका कृषकहरुले उत्पादन गर्ने कृषि उपजहरुलाई स्टोरेज गर्दै बेमौसममा समेत विक्री/वितरण गरी कृषकहरुलाई बढीभन्दा बढी अर्थोपार्जनको व्यवस्था मिलाउन दुध, सब्जी, फलफूल सहितको अलग कक्ष सहितको शीत भण्डार निर्माणको प्रकृया अघि बढाइनेछ। यसका लागि नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित निकाय एवम् अन्य दातृ निकायहरुसँग **शीत भण्डार निर्माणमा नगरपालिकाबाट साझेदारी गर्ने** व्यवस्था मिलाइनेछ।

७. माहुरी पालन मार्फत् स्थानीयस्तरमा पाइने विभिन्न प्रजातिका अन्नबाली/फलफूल एवम् जडिबुटीको उत्पादनमा प्राकृतिकरुपमा सकारात्मक प्रभाव परोस् एवम् कृषकहरुले उत्पादन गर्ने कृषि उपजमा विविधिकरण समेत आओस् भन्ने अभिप्रायले **"घरघरमा घार"**

नामक कार्यक्रम सञ्चालनमा ल्याइनेछ। यसका लागि स्थानीयस्तरमा पाइने काठकै प्रयोग गरी माहुरीको घार निर्माण गर्ने लघु उद्यम स्थापना गरिनेछ र कम्तीमा दश घार माहुरी पाल्ने कृषकहरुलाई व्यवसायिक बनाउनका लागि नगरपालिकाको तर्फबाट व्यवसायिक माहुरी पालन तालिम उपलब्ध गराइनेछ।

८. नगरपालिका क्षेत्रभित्र पत्रु खाना (Junk Food) को उपभोगमा क्रमशः कमी ल्याउँदै त्यस्ता खानालाई विस्थापित गर्ने उद्देश्यले स्थानीय कृषकहरु मार्फत् परम्परागत एवम् रैथाने पोषणयुक्त कोदो, मकै, फापर, जुनेलो, भट्मास जस्ता अन्नबालीको खेती गर्ने कृषकहरुलाई अनुदान उपलब्ध गराउन व्यवस्था मिलाइनेछ।

९. कृषकहरुले पालन गर्ने पशुपन्छीमा हुने आन्तरिक तथा वाह्य परजीवी नियन्त्रणका लागि निःशुल्क औषधोपचार तथा प्राविधिक सेवा उपलब्ध गराइनेछ।

१०. नगरपालिका क्षेत्रभित्र व्यवसायिक कृषकहरुले गर्ने कृषि व्यवसाय तथा पशुधनको जोखिम न्युनीकरणका लागि कृषि एवम् पशु बिमा कार्यक्रम प्रवर्द्धनका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

## उद्यम, सहकारी र आन्तरिक आय अभिवृद्धि

११. नगरपालिका क्षेत्रभित्रका सामुदायिक वनलाई उद्यममा आकर्षित गर्दै नगरको आन्तरिक आम्दानी समेत अभिवृद्धि गर्न **"उद्यमी वन, नगरको धन"** नामक कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि सामुदायिक वनमा रैथाने प्रजातिका सिस्नो, निगुरो, तामा, सिमसाग, गँदें, टिमुर जस्ता साग/सब्जी, जडिबुटी उत्पादन एवम् कालिज, स्थानीय प्रजातिका कुखुरा लगायतका पन्छी पालन जस्ता उद्यमशील कार्यमा वस्तुगत एवम् पुँजीगत अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

१२. नगरपालिका क्षेत्रभित्रका सहकारी संस्थाहरुलाई उत्पादनमूलक क्षेत्रमा लगानी बढाउन अभिप्रेरित गरिनेछ। कृषि क्षेत्रमा लगानी बढाई स्थानीयबासीको आय आर्जन अभिवृद्धि हुने किसिमका कार्यक्रम सञ्चालन गर्न चाहने नगर क्षेत्रभित्रका सहकारी संस्थाहरुबाट प्रस्ताव लिई सबैभन्दा उत्कृष्ट प्रस्ताव पेश गर्ने सहकारी संस्थाको छनोट गरी त्यस्तो संस्थासँगको लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न अनुदान वितरण गर्ने व्यवस्था मिलाइनेछ।

१३. नगरबासीहरुसँगको सहकार्यमा नगरपालिका क्षेत्रभित्र रहेका पिउने पानीका मुहानहरुको संरक्षण, सम्वर्ध्वन र उपयोगका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ। नगरपालिका र नगरबासीको आम्दानी समेत अभिवृद्धि गर्ने उद्देश्यले आर्थिक वर्ष २०८०।०८१ मा

नै सम्भाव्यता अध्ययन गरिएको तीनजुरे क्षेत्रबाट उत्पत्ति हुने जरुवा पानीलाई तराई/मधेशका बजारमा लगी बिक्री वितरण गर्न **तीनजुरेको पानी, हाम्रो आम्दानी** नामक स्प्रिङ वाटर उद्योग परियोजना सञ्चालनमा ल्याइनेछ। उक्त परियोजना निर्माण तथा सञ्चालनमा सार्वजनिक निजी साझेदारीको अवधारणा अवलम्बन गरिनेछ।

१४. नगरपालिका क्षेत्रभित्रका सहकारी संघ/संस्था, उद्योग/बाणिज्य संघ, होटल तथा होमस्टे सञ्चालक लगायत निजी तथा गैरसरकारी निकायमा आवद्ध पदाधिकारीहरुलाई व्यवसायिक आचरणसँग सम्बन्धित विषय र विद्यमान पद्धतिप्रति अभ्यस्त गराउन सचेतनामूलक तालिम कार्यक्रमको आयोजना गरिनेछ। **"मैले तिर्ने कर, नगरपालिकाको भर"** अभियान सञ्चालनमा ल्याइनेछ। यो अभियानप्रति आम नगरबासी करदाता र उद्योग, व्यवसायीलाई समाहित गर्न नगरपालिकाले निर्धारण गर्ने करको क्षेत्र, दर, दायरा लगायतका अधिकाँश विषयवस्तुलाई समावेश गरी करदातामैत्री शिक्षा प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।

१५. वडा एवम् समग्र नगरपालिका तहबाट सबैभन्दा बढी कर तिर्ने संस्थागत, व्यक्तिगत लगायत विभिन्न विधागत करदाताहरुको पहिचान गरी त्यस्ता करदाताहरुको सम्मानका लागि वडा एवम् नगर कार्यपालिकाको कार्यालयको राजस्व संकलन गर्ने काउण्टरमानै सबैभन्दा बढी कर तिर्ने करदाता भनी **फोटो टाँस समेत गरी सम्मान गर्ने** व्यवस्थालाई संस्थागत गरिनेछ।

१६. नगरपालिका क्षेत्रभित्र क्रियाशील लघु वित्तीय संघसंस्थाहरुले प्रवाह गरेको ऋण लगानी र त्यस्तो ऋण लिने नगरबासीहरुले चर्को व्याजदर व्योहोर्नु परेको गुनासो समेतलाई सम्बोधन गर्नका लागि त्यस विषयमा छानवीन गरी प्राप्त नतिजा बमोजिम लघु वित्तीय संघ/संस्थाहरुलाई नियमन गर्ने व्यवस्था मिलाइनेछ।

१७. विगतदेखि नै दर्तामा रहेका तर कुनैपनि कारोबार नगरी निष्कृय रहेका एवम् उद्देश्य विपरीत कार्य गरी रहेका नगर क्षेत्रभित्रका सहकारी संस्थाहरुलाई नियमन गरी त्यस्ता सहकारी संस्थाहरुको दर्ता खारेज गर्ने सम्मको उपयुक्त व्यवस्था अवलम्बन गरिनेछ।

१८. प्लाष्टिकजन्य सामाग्रीहरुलाई क्रमशः विस्थापित गर्ने सोचका साथ स्थानीयस्तरमा पाइने काठ, बाँस, पर्याङबाट फर्निचर तथा हस्तकलाजन्य सामाग्रीहरु उत्पादन गरी लालीगुराँस नगरपालिकाको पहिचान अभिवृद्धि गर्न स्थानीय युवाहरुलाई लक्षित गरी सीपमूलक

तालिम कार्यक्रम सञ्चालन गरी त्यसरी तालिम लिएका युवाहरुलाई लघु उद्यममा आवद्ध गर्दै लगिनेछ।

## पर्यटन

१९. प्राकृतिक एवम् ग्रामीण साँस्कृतिक पर्यटनको प्रचुर सम्भावना रहेको लालीगुराँस नगरपालिकाको पर्यटन प्रवर्द्धन गर्न **"संस्कृति र प्रकृति, हाम्रो सम्पत्ति"** नामक अभियान सञ्चालनमा ल्याइनेछ।

२०. **तीनजुरे मिल्के जलजले क्षेत्र**मा विभिन्न प्रजातिका लालीगुराँसहरु फुल्ने मौसमलाई केन्द्रविन्दुमा राख्दै उक्त मौसममा मात्र कम्तीमा दश लाखभन्दा बढी पर्यटकहरु नगर क्षेत्रभित्र भित्र्याउने सोच राखी सोही समयमा प्रदेश सरकार एवम् स्थानीय संघ संस्था सँगको साझेदारीमा **वृहत लालीगुराँस महोत्सव** कार्यक्रमको आयोजना गरिनेछ।

२१. लिम्बु समुदायको सभ्यता र संस्कृतिलाई उजागर गर्दै त्यस्तो सभ्यता र संस्कृतिको संरक्षण एवम् प्रवर्ध्वन गर्ने गरी नगरपालिकाले स्थापना गरेको चो?लुङ पार्कको लुङदुम प?वा सिङदुम प?वा देवस्थलमा देवारी साम्बाद्वारा मुन्धुमी सभ्यतामा व्यवस्था भए अनुसारका परम्परा र संस्कृति प्रस्फुटन हुने **सामलिङ्मा/आयु थप्ने/मनोकामना पुरा हुने संस्कार**हरुलाई साँस्कृतिकरुपमा संस्थागत गर्दै धार्मिक एवम् साँस्कृतिक पर्यटन प्रवर्द्धन गर्न महिनामा एक दिन पुजा गर्ने व्यवस्था मिलाइनेछ।

२२. सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्दै पाथीभरादेवीको मन्दिर व्यवस्थापन र सञ्चालन नगरपालिकाबाटै गर्न स्थानीय कानून तर्जुमा गरिनेछ।पाथीभरादेवी मन्दिरलाई धार्मिक पर्यटनको उत्कृष्ट स्थलको रुपमा विकास गर्न पाथीभरा महोत्सवको आयोजना गरिनेछ।

२३. सहिद धनरुपा पार्क परिसरमा सहिद सभाहल निर्माणको कार्य अघि बढाइनेछ। नगर क्षेत्रभित्र महत्वपूर्ण पर्यटकीय गन्तव्यको रुपमा रहेका चो?लुङ पार्क तथा युमा संग्रहालय, तीनजुरे मिल्के जलजले क्षेत्र, पात्लेपोखरी, मनकामना मन्दिर, मार्गापोखरी, तीनछाँगे झरना, अखै गुफा, आर.आर. गार्डेन, पाँचपोखरी लगायतका नगर क्षेत्रभित्र भएका सम्पूर्ण पर्यटकीय स्थलहरुको सामयिक सुधार गर्दै ती पर्यटकीय क्षेत्रहरुको विवरण सहितको विशेषताहरु झल्कने किसिमको स्थानीय पर्यटन पुस्तिका तर्जुमा गरी प्रकाशित गरिनेछ।उक्त पुस्तिकामा उल्लेख भए बमोजिमका सबै विवरणहरुलाई अडियो र भिडियो मार्फत् समेत सार्वजनिक गरी

नगरपालिकाको वेभसाइट र फेसबुक पेज मार्फत समेत सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ।

२४. मुन्धुम पदमार्ग मार्फत् पर्यापटन प्रवर्द्धन गर्ने उद्देश्यले चो?लुङ पार्कदेखि तीनजुरे/सेनसेनलुम्बा - गुफापोखरी - मेन्छ्यायेम - सभापोखरी - साजुपोखरी - तोक्पेगोला - ओलाङचुङगोला - तिप्पाला - सेन्जेमापोखरी - कुम्भकर्ण (फक्ताङलुङ) कञ्चनजङ्गा/केलाङ सित्लाङ - तिम्बुङपोखरीसम्मको अध्ययन/अनुसन्धानको कार्यलाई निरन्तरता दिइदैं उक्त अनुसन्धानको कार्यलाई संस्थागत गरिनेछ।

२५. लालीगुराँस फूल्ने मौसम र हिउँ पर्ने मौसममा आन्तरिक तथा वाह्य पर्यटकहरुको बाक्लो उपस्थिति हुँदाका वखत् नगरपालिका क्षेत्रभित्रका होटेल, मोटेल र होम स्टे मात्रले पर्यटकहरुको आवास व्यवस्थापन गर्न नसक्दा पर्यटकहरुलाई फर्किएर अन्यत्र बसोबास व्यवस्थापन गर्नुपरेको अवस्थालाई मध्यनजर गर्दै नगरपालिका क्षेत्रभित्रको बजार क्षेत्रका सबै घरधुरीमा एउटा पाहुना कोठाको व्यवस्थापन गर्न **एक घर, एक पाहुना कोठा** निर्माण अभियान सञ्चालनमा ल्याइनेछ।

## सामाजिक विकास क्षेत्र

### शिक्षा

२६. गुणस्तरीय शिक्षाको अभावका कारण बसाईसराईले प्रश्रय पाएको विषयवस्तु उठिरहेको सन्दर्भलाई मध्यनजर गर्दै प्रत्येक वडास्तरमै माध्यमिक तहसम्म गुणस्तरीय शिक्षाको अनुभूति दिलाउनका लागि "**एक वडा, एक सुविधा सम्पन्न मावि**" को अवधारणा अघि बढाइनेछ। यसका लागि शिक्षक र विद्यार्थी संख्यावीचको अनुपातलाई नीतिगत व्यवस्था बमोजिम अनुकूलन गर्दै सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा अभिवृद्धि गर्न स्थानीय कानून समेतको सामयिक परिमार्जन गरिनेछ।

२७. नगरपालिका क्षेत्रभित्रका विभिन्न सामुदायिक विद्यालयमा सञ्चालित कक्षा ११ र कक्षा १२ मा अध्ययन गर्ने विद्यार्थीहरुलाई एकत्रित गरी एकै स्थानबाट गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले श्री बसन्त माविमा छात्रवास निर्माणको कार्य अघि बढाइनेछ। यसका साथै उक्त विद्यालयमा विषयविज्ञ दक्ष शिक्षकहरुको व्यवस्थापन गरी कोचिङ कक्षाहरु समेत सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

२८. स्थानीय अभिभावक, विद्यालय व्यवस्थापन समिति, विद्यार्थी, शिक्षक लगायत सरोकारवाला सबैको साथ, सहयोग, समन्वय र सहकार्यमा मात्र सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गर्न सकिन्छ भन्ने अवधारणालाई मध्यनजर गरी सामुदायिक

विद्यालयको गुणस्तर अभिवृद्धिका लागि **सरोकारवालासँग नगरपालिका** अभियान सञ्चालन गरिनेछ। यो अभियानको कार्यान्वयनका लागि विषयविज्ञ मार्फत् सरोकारवाला लक्षित सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२९. नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा अध्यापन गराउने शिक्षकहरुमध्ये वर्षभरिमा सबैभन्दा उत्कृष्ट विषयगत नतिजा हाँसिल गराउन सक्षम एक/एकजना शिक्षक (महिला र पुरुष) लाई **नगद रकम र सम्मान-पत्र**ले पुरस्कृत गर्ने व्यवस्थाको थालनी गरिनेछ।

३०. गायन, सङ्गीत, नृत्य जस्ता विधामा नगरपालिका क्षेत्रभित्र लुकेर रहेका बाल प्रतिभाहरुको पहिचान गरी त्यस्ता प्रतिभाहरुलाई प्रादेशिक एवम् राष्ट्रियस्तरमा उजागर गर्नका लागि **प्रतिभाको पहिचान, हाम्रो अभियान** नामक कार्यक्रम सञ्चालन गरिनेछ। यो कार्यक्रम कार्यान्वयन गर्न सबै सामुदायिक विद्यालयमा विषयविज्ञ जनशक्तिको उपलब्धता गराई प्रतिभा पहिचान गरिने र त्यसरी पहिचान भएका प्रतिभालाई नगरपालिकाबाट स्थापना गरिने प्रशिक्षण केन्द्रमा ल्याई आवासीय तालिम दिने व्यवस्था मिलाइनेछ।

३१. नेपालको संविधानले व्यवस्था गरेको स्थानीय तहको संगठनात्मक व्यवस्था, काम, कर्तव्य, अधिकार, भूमिका र जिम्मेवारीका विषयमा विद्यालय तहबाटै आम विद्यार्थीहरुलाई अभ्यस्त गराउँदैं सङ्घीयतालाई थप संस्थागत गर्ने आधार तय गर्न विद्यार्थीहरुलाई समावेश गरी अन्तर-विद्यालयस्तरीय **उद्घोषण, निवन्धलेखन, हाजिरी जवाफ प्रतियोगिता र वक्तृत्वकला** जस्ता कार्यक्रमको आयोजना गरिनेछ।

३२. नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा बालमैत्री शिक्षण सामाग्रीको व्यवस्था गरी मन्टेसरी विधि मार्फत् पठनपाठन गर्ने प्रकृया आरम्भ गरिनेछ। यसका लागि विषयविज्ञ जनशक्ति मार्फत् वाल विकास सहजकर्ताहरुलाई लक्षित गरी तालिम कार्यक्रम आयोजना गरिने र, परीक्षणको रुपमा केही सामुदायिक विद्यालयमा आर्थिक वर्ष २०८१।०८२ देखि यो विधिबाट पठनपाठन प्रकृयाको शुरु गरिनेछ।

३३. नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी एवम् विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई वर्तमान व्यवस्थाले गरेको सार्वजनिक खरिद र जिन्सी व्यवस्थापनका सम्बन्धमा पर्याप्त मात्रामा तालिम तथा प्रशिक्षण नभएका कारण प्रत्येक आर्थिक वर्ष बेरुजुको मात्रा वृद्धि भइरहेकोमा त्यस्तो अवस्थाको न्युनीकरणका लागि सम्बन्धित शिक्षक तथा कर्मचारी लक्षित **सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन सम्बन्धी तालिम** कार्यक्रमको आयोजना गर्ने व्यवस्था मिलाइनेछ।

३४. नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुनेछ भनी नेपालको संविधानमा व्यवस्था भएकोमा लिम्बु भाषा र लिपी संरक्षण गर्न सामुदायिक विद्यालयमा आनिपान भाषाको पठनपाठन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

३५. नगरपालिका क्षेत्रभित्रको इतिहास, संस्कृति तथा प्रकृतिमैत्री विषयवस्तुहरुलाई विद्यालयस्तरको पाठ्यक्रममै समावेश गरी विद्यार्थीहरुलाई निरन्तर अध्ययनको वातावरण मिलाउन **स्थानीय** पाठ्यक्रमको तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

३६. सामुदायिक विद्यालयबाट समेत क्रमशः पोषणमैत्री एवम् बालमैत्री नगरपालिका स्थापना गर्न **"विद्यालयमा आमा"** नामक कार्यक्रम सञ्चालनमा ल्याइनेछ। आर्थिक वर्ष २०८१।०८२ मा कार्यपालिकाले तोकेको कुनै एक सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुका लागि नेपाल सरकारबाट उपलब्ध हुने दिवा खाजाको रकममा साझेदारी गरी विद्यार्थीहरुको आमाहरु सम्मिलित समुहलाई प्रोत्साहित गरी उक्त समुहबाटै विद्यालयमा क्याण्टिन सञ्चालन गर्दै स्थानीयस्तरमा उपलब्ध हुने पोषणयुक्त खाजा प्रत्येक विद्यार्थीलाई ख्वाइने व्यवस्थाको थालनी गरिनेछ।

३७. नगरपालिका र सरोकारवालाहरुको साझेदारीमा बसन्त बहुमुखी क्याम्पस भवन निर्माणको कार्य अघि बढाइनेछ।

## स्वास्थ्य

३८. क्यान्सर लागेका,मुटुको शल्यक्रिया गर्नुपर्ने,मृगौलाको शल्यक्रिया वा डायलाइसिसका विरामी, प्यारालाइसिस जस्ता कडा रोग लागि उपचार गराउन आर्थिक अभाव भएका स्थानीयवासीको स्वास्थ्योपचारमा केही रकम सहयोग गर्दै स्वास्थ्य सम्बन्धी प्रवर्द्धनात्मक, उपचारात्मक र निरोधात्मक गतिविधि समेत सञ्चालन गर्ने उद्देश्यले **"नागरिक उपचार सहायता कोष"**को स्थापना गरिनेछ। मापदण्ड बमोजिम उक्त कोषको सञ्चालन गरी कोषको परिचालनमा निष्पक्षता र पारदर्शिता ल्याउन एवम् छिटो/छरितो ढंगले नगरबासीको उपचारमा सहयोग पुर्याउने व्यवस्थालाई संस्थागत समेत गर्न स्थानीय कानूनको तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

३९. **"स्वस्थ आमा, स्वस्थ बच्चा"** अभियान सञ्चालनमा ल्याइनेछ। यो अभियान कार्यान्वयन गर्न गर्भवती भएको १३ हप्तादेखी सुत्केरी भएको ६ हप्तासम्मका सम्पूर्ण गर्भवती एवम् सुत्केरी महिलाहरुलाई सम्बन्धित स्वास्थ्य संस्था मार्फतनै **निःशुल्क क्याल्सियम चक्की वितरण**को व्यवस्था मिलाइनेछ। त्यसैगरी विवाह दर्ता गर्न आउने नव विवाहित दम्पत्तिबाट स्वस्थ्य बच्चा जन्माउने उद्देश्यका त्यस्ता दम्पत्तिको इच्छा अनुसार सम्बन्धित वडा कार्यालयबाट समेत फोलिक एसिड वितरण गर्ने व्यवस्था मिलाइनेछ।

४०. क्यान्सर, मृगौलाको डायलासिस, मुटु रोगी, प्यारालाइसिस जस्ता गम्भीर प्रकृतिका रोग लागि घरमै बसी औषधि सेवन गरिरहेका विरामी नागरिक एवम् ८० वर्षमाथिका नगरबासीहरुको स्वास्थ्योपचारमा महिनामा कम्तीमा एकपटक घरमै गई हेरचाह गर्न **"घरमै स्वास्थ्यकर्मी"** कार्यक्रम सञ्चालनमा ल्याइनेछ। यसका लागि त्यस्ता विरामीहरुको तथ्यांक सम्बन्धित वडाको स्वास्थ्य संस्थामा संकलन गरी उक्त संस्थामा कार्यरत स्वास्थ्यकर्मी मार्फत् यो कार्यक्रम सञ्चालन गरिने र त्यसरी खटिएका स्वास्थ्यकर्मीलाई प्रोत्साहन उपलब्ध गराइनेछ।

४१. बसन्तपुर अस्पतालबाट प्रवाह हुने स्वास्थ्य सेवालाई थप व्यवस्थित बनाउन एवम् सामुदायिक स्वास्थ्य बिमा कार्यक्रमको प्रभावकारिता समेत अभिवृद्धि गर्दै आम नगरबासीहरुलाई सशुल्क औषधि सुपथ मूल्यमा उपलब्ध गराउने उद्देश्यले बसन्तपुर अस्पतालबाट फार्मेसी सेवा सहितको औषधि विक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ।

४२. नगरपालिका क्षेत्रभित्रका युवा, बालबालिका र अभिभावकहरुलाई लक्षित गरी सुर्तीजन्य एवम् मदिराजन्य पदार्थको रोकथाम तथा नियन्त्रण र लागू औषध दुव्यर्सनसँग सम्बन्धित विषयमा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**महिला, बालबालिका तथा समाज कल्याण**

४३. प्रदेश सरकार, नगरपालिका र करुणा फाउण्डेशनसँगको त्रिपक्षीय लागत साझेदारीमा अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम सञ्चालनमा ल्याइनेछ। उक्त कार्यक्रम मार्फत् हरेक नवजात शिशुमा जन्मदोष परीक्षण गरी जन्मदोष पहिचान भएका शिशुहरुको स्वास्थ्योपचार, विद्यालयमा रहेका दश वर्ष मूनिका बालबालिकाको स्वास्थ्य परीक्षण र व्यवस्थापन लगायतका रोकथामका क्रियाकलापहरु सञ्चालन गर्नुका साथै नगरपालिका क्षेत्रभित्र रहेका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी शिक्षा, स्वास्थ्य, जीविकोपार्जन, सशक्तिकरण र सामाजिकीकरणका क्षेत्रमा आवश्यक सहयोग प्रदान गरिनेछ। यसका अतिरिक्त पहिचान भएका सबै अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्रका साथै राज्यले प्रदान गर्ने सामाजिक सुरक्षाका योजनाहरुमा पहुँच विस्तार गरिनेछ।

४४. नगरपालिका क्षेत्रभित्रका महिलाहरुलाई ढाका बुनाई, होम स्टे सञ्चालन तथा स्थानीय कच्चा पदार्थमा आधारित घरेलु उद्यममा आकर्षिक गर्न **लालीगुराँसका महिला, उद्यममा पहिला** नामक अभियान सञ्चालनमा ल्याइनेछ। यसका लागि नेपाल सरकारबाट प्राप्त लघु उद्यम विकास कार्यक्रमको रकम र नगरपालिकाबाट विनियोजन हुने रकम सोही अभियान कार्यान्वयनमा खर्चिने व्यवस्था मिलाइनेछ।

## खानेपानी र सरसफाई

४५. पानी नै जीवन हो। यो साश्वत् तथ्यलाई हृदयङ्गम गर्दै नगरपालिका क्षेत्रभित्रका पानीका मुहानहरुको संरक्षण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी त्यस्ता स्थानमा डोजर, सिमेन्ट जस्ता सामाग्रीहरुको प्रयोगमा पूर्णरुपमा बन्देज लगाउँदैं वृक्षारोपण अभियान सञ्चालनमा ल्याइनेछ।

४६. नगरपालिका क्षेत्रभित्रका सबै घरधुरीमा पिउनेपानीको उपलब्धता सुनिश्चित गर्न पानीका मुहानबाट प्रत्येक घरधुरीमा खानेपानीको पाइपलाइन विस्तार गर्ने कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

४७. नगरपालिकाको बजार क्षेत्रभित्रबाट दिनहुँ निस्कने फोहोरको प्रत्येक घरधुरीबाटै व्यवस्थापन गर्न **म फोहोरको वर्गीकरण गर्छु, हामी फोहोरको व्यवस्थापन गर्छौं** नामक अभियान सञ्चालनमा ल्याइनेछ। यसका लागि फोहोर उत्पादन गर्ने घरधुरीले नै कुहिने र नकुहिने फोहोरको वर्गीकरण गरी कुहिने फोहोरको व्यवस्थापन घरधनी स्वयंले र नकुहिने फोहोर मात्र नगरपालिकाबाट संकलन गर्ने व्यवस्था मिलाइनेछ। कुहिने फोहोरलाई प्राङ्गारिक मलमा रुपान्तरण गर्नका लागि सरोकारवाला लक्षित सचेतनामूलक तालिम कार्यक्रमको आयोजना गरिनेछ।

## खेलकूद

४८. **स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद** भन्ने नाराका साथ नगरपालिका क्षेत्रभित्र खेलिने भलिबल, फूटबल जस्ता विभिन्न विधाका खेलकूदलाई क्रमशः सम्बोधन गर्दै जाने ध्येयका साथ **चो?लुङ कप** खेल प्रतियोगिता आयोजना गर्दै लगिनेछ। विभिन्न विधाका खेलकूदमा नगरपालिकाको प्रतिनिधित्व गर्दै अन्यत्र स्थानमा प्रतिनिधित्व गर्ने खेलाडीहरुलाई खेलकूद कार्यमा भाग लिन आवश्यक सहजीकरण गरिनेछ।

४९. भविष्यका दिनमा नगरपालिका क्षेत्रभित्रबाट फूटबल खेलका कर्णधार युवाहरुको उत्पादन गर्ने उद्देश्यका साथ सबै वडाबाट कम्तीमा दुई/दुई जना बालबालिकाहरुको छनोट गरी त्यस्ता बालबालिकाहरुलाई खेल प्रशिक्षक मार्फत् निरन्तर अभ्यास र प्रशिक्षण दिने व्यवस्था मिलाइनेछ।

५०. प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा खेलकूदका माध्यमबाट पहिचान स्थापित गरी सकेका नगरपालिका क्षेत्रभित्रका विभिन्न विधाका खेलाडीहरुलाई **सम्मान** गर्ने व्यवस्थालाई संस्थागत गरिनेछ।

## जनसंख्या र बसाँईसराई

५१. नगरपालिका क्षेत्रभित्र आफ्नो जग्गा जमिन लगायतका पैत्रिक सम्पत्तिहरु यथावत् राखी बसाँई सरेर अन्यत्र गएका नागरिकहरुलाई उधौंली र उभौंलीको समयमा नगरपालिका क्षेत्रमा आई आफ्नो स्वामित्वमा रहेको कृषि जमिनमा आफू स्वयंले अन्नबाली लगाउने, फलाउने र थन्काउने कार्यमा अभिप्रेरित गर्न **"फर्की आए थातथलो, हुन्छ सबैको भलो"** नामक अभियान सञ्चालनमा ल्याइनेछ। यो अभियानमा समाहित हुने नागरिकहरुको अभिलेख राखी त्यस्ता नागरिकहरुलाई नगरपालिकाबाट सम्मान गर्ने व्यवस्था मिलाइनेछ।

## पूर्वाधार विकास क्षेत्र

५२. ३ नं. वडाको मुसाङ्खेल-लम्बुखोला हुँदैं ६ नं. वडाको सेपेनी-डाँडागाउँ-मेन्द्रुक-गैरी-काङसोरेसम्म जाने सडक, ७ नं. वडाको लसुने बजार- फिर्के - शिवालय - गणेश आवि - कुरुङवाङ - मेन्द्रुकुसम्म जाने सडक र ५ नं. वडाको ढुंगे - सिंहबाहिनी मावि - से?वा - आम्बोटे - सिरिसे जोड्ने सडकलाई नगरको गौरवको आयोजनाको रुपमा समावेश गरी उक्त सडकहरुलाई सामयिक स्तरोन्नति गरिनेछ।

५३. नयाँ शहर आयोजनाबाट निर्माण भैरहेको ल्याण्ड पुलिङ क्षेत्रमा झिँगटीको छाना, आरु/आल्चा/पैंयु/फलेदोको फूलबारी, मालिङ्गो/पर्याङ र गुराँसका गल्ली, चौतारा, हिटी जस्ता स्थानीय ऐतिहासिकता, परम्परा, वास्तुकला र गाउँले जनजीवन झल्कने किसिमको संरचना मात्र निर्माण हुने मापदण्ड बनाई लागू गरिनेछ।

५४. नगरपालिका क्षेत्रभित्रका सडक, पुल/पुलेसा, सार्वजनिक मठ/मन्दिर/चर्च/गुम्बा लगायतका अन्य सार्वजनिक एवम् सरकारी संरचनाहरुको आवश्यकता अनुसार मर्मतसम्भार गर्न **मर्मतसम्भार कोष**मा उपयुक्त रकम विनियोजन गरिनेछ। सो कोषको निष्पक्ष र पारदर्शी परिचालनका लागि उपयुक्त पद्धति समेत निर्धारण गरिनेछ।

५५. स्थानीय उपभोक्ता समेतको साझेदारीमा नगरपालिकाकै एक्साभेटर र व्याक हो लोडरको प्रयोग गरी अत्यावश्यक स्थानमा मात्र सडकका नयाँ ट्र्याक ओपन एवम् सडक मर्मत गर्ने कार्यलाई निरन्तरता दिइनेछ। सडकको नयाँ ट्र्याक ओपन गर्नुपर्ने स्थान र मर्मत गर्नुपर्ने स्थानको पहिचानदेखि उक्त कार्यको निरन्तर निगरानी समेत गर्न नगर प्रमुख स्वयंको संयोजकत्वमा सम्बन्धित वडाका जनप्रतिनिधि र पूर्वाधार विकास शाखाका शाखा प्रमुख सम्मिलित समिति गठन गरी सोही समितिले निर्धारण गर्ने विधि मार्फत् उल्लिखित कार्यहरु सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

५६. नगरपालिकाको आफ्नै स्रोतले निर्माण सम्पन्न भएका सडकहरुको भारवहन क्षमता विश्लेषण गर्दै विपद् एवम् वर्षातको समयमा त्यस्ता सडकमा हेभी सवारीसाधनको आवागमनमा रोक लगाउने व्यवस्था मिलाइनेछ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

५७. नगरपालिका क्षेत्रभित्र प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट हुनसक्ने सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि **प्रकोप व्यवस्थापन कोष**मा उपयुक्त रकम विनियोजन गरिनेछ।

५८. स्थानीय प्रहरी सर्जमिन मुचुल्का र वडाको सिफारिसलाई मुख्य आधार मान्दै प्रकोप पिडित व्यक्ति/निकायहरुलाई प्रकोप व्यवस्थापन कोषबाट **तत्काल् राहत** उपलब्ध गराउने ध्येयका साथ प्रकोप व्यवस्थापन सम्बन्धी कानूनको तर्जुमा गरिनेछ।

५९. प्राकृतिक तथा गैर प्राकृतिक प्रकोपका समयमा सरोकारवाला सबैको साथ/सहयोगले मात्र प्रकोप व्यवस्थापन गर्न सकिन्छ भन्ने तथ्यलाई मध्यनजर गर्दै नगरपालिका क्षेत्रभित्रका **सबै वडाबाट आवश्यक संख्याका युवाहरुलाई समावेश गरी प्रकोप व्यवस्थापनसँग आधारभूत तालिम प्रदान गरिने** र त्यस्ता तालिम प्राप्त युवा जनशक्तिलाई प्रकोपका समयमा उद्दारका लागि विशेष परिचालन गर्ने गरी सूचीकृत गरी राख्ने व्यवस्था मिलाइनेछ।

६०. नगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानमा हुने सम्भावित भुक्षयको रोकथाम, पर्यावरण संरक्षण लगायत जलवायु परिवर्तनसँग सम्बन्धित सचेतनामूलक कार्यक्रमहरुको आयोजना गर्दै सम्भावित स्थलहरुमा स्थानीय सामुदायिक वन उपभोक्ता समुह, सरकारी/गैर संघ/संस्थाहरुसँगको साझेदारीमा बृक्षारोपणका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।

६१. सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र सो कार्ययोजना बमोजिम वन पैदावर विक्री गरी प्राप्त हुने आम्दानीको दश प्रतिशत रकम नगरपालिकाको स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने भनी सङ्घीय स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख. मा भएको व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ। यसका साथै उक्त व्यवस्थाको प्रतिकूल हुने गरी आफ्नो कार्य गर्ने सामुदायिक वन उपभोक्ता समुहलाई कालोसूचीमा राखी त्यस्तो सामुदायिक वनलाई प्रचलित कानून बमोजिम कारवाही गर्ने प्रकृयासम्म अघि बढाइनेछ।

६२. पर्यावरण संरक्षण गर्दै नगरपालिकाको आन्तरिक आम्दानी समेत अभिवृद्धि गर्ने सोचका साथ नगरपालिका क्षेत्रभित्र रहेका सरकारी एवम् सार्वजनिक खाली जमिनमा स्थानीय भूगोल सुहाउँदो चिराइतो, अम्रिसो, फलफूलका बोटविरुवा लगाउने कार्य अघि बढाइनेछ।

## संस्थागत विकास तथा सार्वजनिक सेवा प्रवाह

६३. विकास निर्माण र सेवा प्रवाहको विषयमा पूर्व जनप्रतिनिधिहरुले आफ्नो कार्यकालमा भोगेका महत्वपूर्ण कार्य/अनुभवहरु समेटी उक्त कार्य/अनुभवलाई नगरपालिकाको स्थायी सम्पत्तिको रुपमा संस्थागत गर्न **कृति** प्रकाशन गरिनेछ।

६४. नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयबाट प्रवाह हुने सेवा, उक्त सेवा प्राप्तिका लागि आवश्यक पर्ने कागजात, सेवा प्राप्तिको लागि लाग्ने समय र लागत, सेवा प्रवाहको जिम्मेवारी पाएका पदाधिकारी तथा कर्मचारीको विवरण जस्ता विषयमा आम लालीगुराँसबासी सेवाग्राहीलाई घर/घरबाटै सुसूचित गर्ने उद्देश्यका साथ **"घर/घरमा बडापत्र"** अभियानको सुरुआत गरिनेछ। यो अभियानको कार्यान्वयनका लागि उल्लिखित सम्पूर्ण विवरणहरु नगरपालिकाको नोटबुकमा छपाई गर्ने र, उक्त नोटबुक प्रत्येक घरधुरीमा वितरण गर्ने व्यवस्था मिलाइनेछ।

६५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भएको न्यायिक समितिको क्षेत्राधिकारभित्रका मुद्दाहरुलाई सकभर मेलमिलापको माध्यमबाट समाधान गर्ने उद्देश्यका साथ **"गरौं मिलाप, नगरौं विलाप"** अभियान सञ्चालनमा ल्याइनेछ। यसका लागि न्यायिक समिति मातहत रहने गरी प्रत्येक वडामा मेलमिलाप केन्द्रको गठन गरी त्यसमा आवद्ध पदाधिकारी, कर्मचारी लगायत सरोकारवालाको क्षमता अभिवृद्धि हुने किसिमका क्षमतामूलक तालिम र सचेतनामूलक कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

६६. नगरपालिका क्षेत्रभित्र क्रियाशील सामुदायिक तथा गैरसरकारी संघ/संस्थाहरुको वार्षिक योजना, कार्यक्रम तथा बजेट नगरपालिकाको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश गराउने व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ। नगरपालिकाको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश नगराई कार्यक्रम सञ्चालन गराउन खोज्ने सामुदायिक तथा गैरसरकारी संघ/संस्थाहरुको कार्यक्रम सञ्चालनमा रोकसम्म लगाउन सकिने गरीको व्यवस्था अख्तियार गरिनेछ।

६७. लिम्बु समुदायको सभ्यता र संस्कृति झल्किने गरी स्थापना भएको चो?लुङ पार्कमा सो समुदायको रीति/रिवाज र संस्कार समेत उजागर गर्ने गरी **चुम्लुङ विधिमा सार्वजनिक सुनुवाई** कार्यक्रम आयोजना गर्ने व्यवस्था मिलाइनेछ।

६८. स्थानीयस्तरमा क्रियाशील सञ्चारकर्मी एवम् सञ्चारमाध्यमहरुको प्रवर्द्धन गर्ने किसिमका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ। यसका लागि नगरपालिका क्षेत्रभित्रका समस्या, अवसर, चुनौती लगायतका यावत् विषयमा निरन्तर खोजमूलक पत्रकारिता गर्ने स्थानीय सञ्चारकर्मीहरुको पहिचान गर्दै प्रत्येक वर्ष एकजना **सञ्चारकर्मीलाई पुरस्कृत गर्ने** व्यवस्था अख्तियार गरिनेछ।

६९. नगरपालिका क्षेत्रभित्रका नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा सामुदायिक विद्यालयमा कार्यरत कर्मचारी एवम् शिक्षकहरुमध्येबाट वर्षभरिमा उत्कृष्ट र रचनात्मक कार्यसम्पादन गर्ने **एकजना सर्वोत्कृष्ट र अन्य दुईजना उत्कृष्ट कर्मचारीको रुपमा पुरस्कृत** गर्ने व्यवस्थालाई संस्थागत गरिनेछ।

७०. नगरपालिका क्षेत्रभित्र सुकुम्बासी समस्या समाधानका लागि चालिएको कदमलाई छिटो भन्दा छिटो सम्पन्न गर्नका लागि जग्गा नापजाँच कार्यमा थप प्राविधिक जनशक्तिको व्यवस्था गर्दै त्यस्ता जनशक्तिलाई आधूनिक औजार/उपकरण सहित कार्यालय समय बाहेकको समय र सार्वजनिक विदाका दिनमा समेत परिचालित गरिनेछ।

७१. नगरपालिका क्षेत्रभित्रको सर्वाङ्गीण विकासमा बढीभन्दा बढी स्थानीयबासीको सहभागिता सुनिश्चित गराउँदैं विकासप्रति अपनत्वको भाव जगाउने सोचका साथ प्रत्येक वडामा समावेशिता समेतलाई प्रवर्द्धन गर्दै टोल विकास संस्था गठन तथा परिचालन गर्ने नीतिगत व्यवस्था मिलाइनेछ। यसका लागि भौगोलिक विकटता समेतलाई मध्यनजर गर्दै तोकिए बमोजिमको घर/परिवार बराबरको एउटा टोल बनाई प्रत्येक घरधुरी स्वतः टोलको साधारण सदस्य हुने व्यवस्था मिलाइनेछ। जन/लागत सहभागिता मार्फत् सञ्चालन हुने आयोजना तथा कार्यक्रममा जन/लागत सहभागिताको अंशलाई कम्तीमा पन्ध्र प्रतिशत कायम गरी सोही बमोजिम मात्र आयोजना तथा कार्यक्रम सञ्चालन गरिनेछ।

७२. गत/विगत आर्थिक वर्षहरुमा महालेखापरीक्षकको कार्यालयबाट भएको अन्तिम लेखापरीक्षण प्रतिवेदनले औंल्याएको नियमित गर्नुपर्ने, असुल उपर गर्नुपर्ने, प्रमाण कागजात पेश गर्नुपर्ने लगायतका बेरुजु फछ्र्यौट गर्ने प्रकृया अघि बढाइनेछ। वित्तीय सुशासनको मुख्य सूचक शुन्य बेरुजु रहेको तथ्यलाई स्वीकार गर्दै सम्वद्ध पक्षलाई सुचित गरिने र तोकिएको समयावधीमा बेरुजु फछ्र्यौट नगर्नेको विवरण सार्वजनिक गर्ने सम्मको व्यवस्था मिलाइनेछ।

७३. आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा नगरपालिकाबाट जारी भएका ऐन, कानून, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड आदिलाई संग्रहित गरी कानून संग्रह प्रकाशन गरिने र नगरपालिकाको वेभसाइटमा रहेको राजपत्र महलबाट समेत सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ।

# लालीगुराँस नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को कुल आय र व्यय अनुमानको विवरण

## कुल आय अनुमान

(क) नगरपालिकाको आफ्नै निर्णयले परिचालन गर्ने आय तर्फ (सशर्त / समपूरक/विशेष अनुदान बाहेक)

| सि.नं. | आय शिर्षक | अनुमानित रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | वित्तीय समानीकरण अनुदान (नेपाल सरकार) | ८,२०,००,०००।- | |
| २ | राजस्व बाँडफाँड (नेपाल सरकार) | ७,६४,००,०००।- | |
| ३ | वित्तीय समानिकरण अनुदान (कोशी प्रदेश सरकार) | ४८,७२,०००।- | |
| ४ | राजस्व बाँडफाँड (कोशी प्रदेश सरकार) | ३८,१५,०००।- | |
| ५ | आन्तरीक आय | १,८०,००,०००।- | |
| | जम्मा (क) | १८,५०,८७,०००।- | |

(ख) नेपाल सरकार/प्रदेश सरकारबाट प्राप्त हुने सशर्त/समपूरक अनुदान तर्फ

| सि.नं. | आय शिर्षक | अनुमानित रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | सशर्त अनुदान (नेपाल सरकार) | २३,६४,०७,०००।- | |
| २ | सशर्त अनुदान (कोशी प्रदेश सरकार) | १,४८,८३,०००।- | |
| ३ | समपुरक अनुदान (नेपाल सरकार) | १,००,००,०००।- | |
| ४ | समपुरक अनुदान (कोशी प्रदेश सरकार) | १,३०,००,०००।- | |
| | जम्मा (ख) | २७,४२,९०,०००।- | |
| | कुल जम्मा (क) +(ख) | ४५,९३,७७,०००।- | |

## कुल व्यय अनुमान

| सि.नं. | व्यय शिर्षक | अनुमानित रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | लालीगुराँस नगरपालिका (चालु तर्फ) | ३३,५८,९३,०००।- | |
| २ | लालीगुराँस नगरपालिका (पुँजिगत तर्फ) | १२,३४,८४,०००।- | |
| | कुल जम्मा | ४५,९३,७७,०००।- | |

**द्रष्टव्यः** उल्लिखित बमोजिमको आयबाट खर्च हुने विस्तृत व्यय अनुमानको शीर्षकगत बाँडफाँड लालीगुराँस नगरपालिकाको विनियोजन विधेयक, २०८१ मा समावेश गरिएको छ।